आज मिति २०७७ साल कार्तिक ३ गते चौरजहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सीको अध्यक्षतामा नगरपालिका अन्तरगतका विभिन्न शाखा/उपशाखा/वडा कार्यालय/इकाई/आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**आमन्त्रित**

श्री विशाल शर्मा- नगर प्रमुख

श्री राधा रोका- नगर उप प्रमुख

***तपशिल***

| क.स. | नाम थर | पद | कार्यरत कार्यालय | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री रामबहादुर के.सी | प्रमुख प्रशासकीय अधिकृत | चौ.न.पा | ९८५७८२६१११ | राम बहादुर के.सी. प्र. प्रमुख प्रशासकीय अधिकृत | |
| २ | राम कुमार गौतम | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य तथा सामाजिक विकास शाखा | | | |
| ३ | यज्ञ बहादुर कार्कि | इन्जिनियर | चौ.न.पा | | | |
| ४ | रविन ओली | सुचना प्रविधि अधिकृत | चौ.न.पा | ९८६६९२३८४५ | | |
| ५ | ज्ञानु गौतम | पोषण सहजकर्ता | चौ.न.पा | ९८५८०७५५७५ | | |
| ६ | अनिल के सि | सह-लेखापाल | चौ.न.पा। | ९८७०९०२०५१ | | |
| ७ | देव ब. बटाला | प्रशासन सहायक | चौ. न. पा. ११ | ९८६८१४६४३६ | | |
| ८ | बल बहादुर के.सी. | वडा सचिव | चौ.न.पा. - ४ | ९८४८०३०४३९ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | निर्मल पुन मगर | वडा सचिव | १० नं. वडा कार्यालय | ९८४६५०६०२८ | [signature] | |
| १० | खुमन कुँवर योगी | वडा सचिव | ९ नं. वडा कार्यालय | ९८४४५८३६०७ | [signature] | |
| ११ | गणेश खड्का | वडा सचिव | १४ नं. वडा कार्यालय | ९८४०८७२६६८ | [signature] | |
| १२ | देव बहादुर रोकाय | फिल्ड सहायक | चौं.न.पा. पञ्जिकरण सेवा इकाई | ९८४४८२०४६९ | [signature] | |
| १३ | विपना रोकाय | अ.न.मी | चौं.न.पा. ४ | ९८६६१६६२८८ | [signature] | |
| १४ | हिमा कु. रावल | सब - इन्जिनियर | चौं. न.पा ०२ | ९८४३१६१४९६ | [signature] | |
| १५ | हिरा देवि डाङि | सब - इन्जिनियर | चौं.न.पा. 6 | ९८६८९५८८९ | [signature] | |
| १६ | छबिता पोख्रेल | वडा सचिव | चौं न पा - ०२ | ९८६३९२५६३३ | [signature] | |
| १७ | शान्ता शाह | सि० अ.न.मी | आधारभूत स्वा. केन्द्र वडा ६ | ९८१२४५२६२१ | [signature] | |
| १८ | मिना पोखरेल | सि. अ.न.मी | विजयश्वरी स्वा चौकी | ९८६८६२६३२२ | [signature] | |
| १९ | प्रकाश राना | है. अ. | आधारभूत स्वा. के.केन्द्र | ९८६८१४३०८० | [signature] | |
| २० | महेश डि.सी. | अमिन | दर्ता फाँट वि.शा | ९८६८१४०९७९ | [signature] | |
| २१ | दिपेन्द्र शर्मा | अ. प्र. ई. | पूर्वाधार वि. शा. | ९८६३९९५२३५ | [signature] | |
| २२ | राजु शर्मा | अ. सब-इन्जिनियर | वडा नं. ०४ र ०५ | ९८४३६७१६२३ | [signature] | |
| २३ | राजाबाबु प्रसाद जैसवाल | अ. सब - इन्जिनियर | वडा नं. ३ र ८ | ९८४५२४९८१० | [signature] | |
| २४ | दिलिप कुमार सोनी | प्री. अ. | शिक्षा शाखा | ९८६४३४२९२२ | [signature] | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | किरण कुमार सिंह | नेपा.न.नि. | मृगौला सेवा केन्द्र | ९८४४५३०२२३ | [illegible] | |
| २६ | गणेश बुढा मगर | अधिकृत छैटौं | पशु सेवा केन्द्र | ९८४८०६८६२५ | [illegible] | |
| २७ | तिलक प्र. लामिछाने | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र ७०८.५ | ९८६८३८६२६३ | [illegible] | |
| २८ | दिल्ली बुढाथोकी | अ.न.मी. | आधारभूत स्वा.से.के. न.पा.वडा नं. ३ | ९८४४३०२०६८ | [illegible] | |
| २९ | पुष्पिन्द्र थापा | प्रा.वि.शि.सहायक | प्रहरी, सेवा | ९८४८०५९२१२ | [illegible] | |
| ३० | राम ब. सुनार | हे.अ. | कोटजहारी प्रा.स्वा.के. | ९८५८०३३३८८ | [illegible] | |

चौं न पा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | मुख्य क के सो | का० स | ५ नं शाखा हेर्ने | ९८६९०६८३२१ | | |
| ३२ | अस्मिता आचार्य | का० स | चौ.न.पा. शिक्षा स्वास्थ्य शाखा | ९८४७८६४४६८ | | |
| ३३ | रामलाल शर्मा | लेखापाल | चौ.न.पा. १२ | ९८६८४३२६०३० | | |
| ३४ | प्रेम कुमार राना मगर | MIS oparetor | चौ.न.पा. १४ | ९८४३६९२६०६ | | |
| ३५ | भीम बहादुर के.सी. | सव-इन्जिनियर | पूर्वाधार शाखा | ९८४९६६८६८० | | |
| ३६ | मोहन शाह | अ.सव-इन्जिनियर | पूर्वाधार शाखा | ९८४९८६१३० | | |
| ३७ | प्रदिप महतारा | नगर प्रहरी सहायक निरीक्षक | नगर प्रहरी व्यव उपशाखा | ९८६६७०६२६८ | | |
| ३८ | राजेन्द्र कुमार गल्ला | ८ नं. वडा सचिव | वडा नं ८ | ९८४८८५२२८४ | | |
| ३९ | सरिता जोशी | A.N.M | स्वास्थ्य शाखा | ९८६७१११८१४ | | |
| ४० | लक्ष्मी पुन मगर | सहायक पाँचौ वडा सचिव (वडा नं ०३) | वडा नं ०३ | ९८४५७४२४६४ | | |
| ४१ | पवित्रा शर्मा | " - " प्रा.स. | चौ.न.पा. | ९८४८८३०३६३ | | |
| ४२ | चन्द्र ब० बुढा | अ.सव. इन्जिनियर | चौ.न.पा. १०४११ | ९८४५७२४३२६ | | |
| ४३ | रमेश विश्वकर्मा | अ.सव. इन्जिनियर | चौ.न.पा. १३,१४ | ९८६४६००४८९ | | |
| ४४ | डिलाराम वेदामगर | प्रा. पाँचौ तहको सहायक | चौ.न.पा. ६. | ९८६६८६३८०५ | | |
| ४५ | तारा ब० बुढाथोकी | प्रा. पाँचौ " | चौ.न.पा. ६ | ९८४९६८६०४३ | | |
| ४६ | धर्मराज लामिकोटा | " | चौ.न.पा. ५ | ९८४४८६४६१८ | | |
| ४७ | सुबास गुरुङ | " | चौ.न.पा. ११ | ९८४४४६६३२२ | | |
| ४८ | दिपलाल कवर | कार्यालय सहायक | नगर प्रहरी व्यवस्थापन शाखा | ९८४८७१२६६६ | | |
| ४९ | विजय विष्ट | प्रशासन सहायक | चौरजहारी नगरपालिका | ९८४७०३२१२५ | | |
| ५० | चुडामणि के.सी. | हि.अ | पुर्तिमकाँड स्वा.चौ. | ९८०३६५६०५१ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | पवन ओली | अभिलेख प्रशासक | न्यायिक समिति | ९८६३३४१५३८ | | |
| ५२ | सुरेन्द्र बहादुर बिष्ट | सब - इन्जिनियर | खुलाचार गा.पा. | ९८६८०२६२९६ | | |
| ५३ | तिलक ब. क्षेत्री | जन स्वास्थ्य निरीक्षक | स्वा. चौ. खोलागाउँ | 9848157377 | | |
| ५४ | छविलाल खड्का | हे.अ.अ | तुवाकोट दुर्गापुर | ९८४६८३४६६२ | | |
| ५५ | सुति बुढा | अ.हे.व | आधारभूत स्वा.के. १ | 9864021027 | | |
| ५६ | शाविना कोइराला | नायब पशु स्वास्थ्य प्राविधिक | पशु सेवा केन्द्र | 9860037117 | Shabina | |
| ५७ | लक्ष्मी ओली | प्रशासन सहायक | चौरसहरी न.पा. | ९८६५८२२७०३२ | | |
| ५८ | प्रकाश डाँगी | प्राविधिक सहायक | कृषि सेवा केन्द्र | ९८५८०८५६९२४ | | |
| ५९ | रविन्द्र रन मगर | कम्प्युटर अपरेटर | चौ.न.पा. | ९८६८८०६९८० | | |
| ६० | प्रेम बहादुर रान | ना.प.से.प. | पशु सेवा केन्द्र | ९८६१९२९६६५३ | | |
| ६१ | विश्व प्रकाश ओली | हेल्थ असिस्टेन्ट | शहिद स्मृति नगर अस्पताल | ९८६३४६३३०८ | | |
| ६२ | डा. विवेक कुरील | मेडिकल अधिकृत | " | 9841390779 | Bibek | |
| ६३ | चेतन बुढा मगर | जिन्सी प्रमुख | नगरपालिका का. | ९८४४५९८६८९ | | |
| ६४ | | | | | | |
| ६५ | | | | | | |
| ६६ | | | | | | |
| ६७ | | | | | | |
| ६८ | | | | | | |
| ६९ | | | | | | |
| ७० | | | | | | |

## मिति २०७७।०७।०३ गतेको कर्मचारी बैठकका निर्णयहरु

१. नगरपालिका, नगरपालिका अन्तर्गतका शाखा/उपशाखा/ईकाइ/फाँट/स्वास्थ्य संस्था/वडा कार्यालयहरुबाट हालसम्म सम्पादित कार्यहरु र यस अधिका स्टाफ मिटिङ्गका निर्णयहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा समिक्षा गरियो । यसअघि भएका निर्णयहरुको कडाईपूर्वक कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. दशै तिहारजस्ता चाडपर्वहरु भित्रिसकेको सन्दर्भमा जिल्ला बाहिर एवम् देश बाहिरबाट आउने व्यक्तिहरुको सङ्ख्या बढिरहेको, कोरोना भाइरस सङ्क्रमण दिनदिनै तिब्र गतिमा फैलिरहेको वर्तमान सन्दर्भमा यस नगरपालिका, नगरपालिका अन्तर्गतका शाखा/उपशाखा/ईकाइ/फाँट/स्वास्थ्य संस्था/वडा कार्यालयहरुमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुले कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा देहाय बमोजिमका कार्यहरु अनिवार्य रुपमा गर्ने तथा गराउने :-

(क) जिल्ला बाहिरबाट एवम् भारत लगाएतका देशहरुबाट आएका सम्पूर्ण व्यक्तिहरुलाई अनिवार्य रुपमा कम्तिमा १४ दिन क्वारेन्टिनमा बस्ने व्यवस्था गरी होम क्वारेन्टिनमा सुरक्षित तरिकाले बसे/नबसेको सूक्ष्म रुपमा निगरानी गर्ने । होम क्वारेन्टिनमा बसेको अवधिभित्र कोरोना भाइरसका लक्षणहरु देखा परेमा तत्कालै नगरपालिकामा सम्पर्क गरी पिसिआर परीक्षणको व्यवस्था गर्ने । पिसिआर परीक्षण पश्चात् कोरोना पोजेटिभ आएमा संभव भएसम्म होम आइसोलेसनमा बस्ने व्यवस्था मिलाउने । होम आइसोलेसन बस्न नसक्ने अवस्था भएमा र कोरोना भाईरस सङ्क्रमणका लक्षणहरु देखा परेमामात्र नगरपालिकाले निर्माण गरेको आइसोलेसनमा बस्ने व्यवस्था मिलाई उपचार गर्ने ।

(ख) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आईसोलेसनमा बस्ने लक्षणसहितका कोरोना सङ्क्रमित विरामिहरुको उपचार खर्च बिरामी स्वयम्ले व्यहोर्ने, लक्षित समुह (विपन्न नागरिक) को हकमा मात्र नि:शुल्क रुपमा उपचार गर्ने लगायतका निर्णयहरु गरेकोले सोही निर्णयानुसार गर्ने तथा गराउने । होम आइसोलेसनमा बसेका लक्षणबिनाका कोरोना सङ्क्रमितहरु घुमफिर गरेको पाइएमा वा न्यूनतम स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरेको पाइएमा सङ्क्रामक रोग ऐन, २०२० अनुसार कारवाही हुने भएकाले सबै वडा कार्यालय एवम् सम्वद्ध स्वास्थ्य संस्था र विद्यालयहरुले यसको निगरानी, सूचना सम्प्रेषण र व्यवस्थापनको जिम्मा लिने । सम्बन्धित वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुले लापरवाही गरेमा जिम्मेवार कर्मचारी तथा पदाधिकारीहरुलाई कारवाही हुने ।

(ग) अनावश्यक भीडभाड तथा चाडपर्वको अवसरमा हुने जुनसुकै किसिमका मेलाजात्राहरुमा पूर्ण रुपमा प्रतिबन्ध लगाउने । यसको लागि सम्बन्धित वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयले निगरानि गर्ने । भीडभाड गरेको पाईएमा एवम् मेलाजात्रा सञ्चालन गरेमा यथाशिघ्र नजिकैको प्रहरी कार्यालय वा नगरपालिकामा जानकारी गराउने ।

३. लागू औषध निषेध, मदिरा तथा सूर्तिजन्य पदार्थको नियन्त्रण सम्वन्धी निर्देशिका, २०७७ लाई पुन: स्मरण गराइयो । उक्त निर्देशिकाको पूर्ण कार्यान्वयन गर्न तथा गराउन आवश्यक सक्रियता सम्बन्धित वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था एवम् जिम्मेवार निकायले देखाउने । सार्वजनिक स्थलको ५०० मिटरभित्र मदिराको उत्पादन, विक्रि वितरण र सेवन गरेमा, तोकिएको समय (साँझ ५:०० बजेदेखि साँझ ७:०० बजेसम्म र सार्वजनिक विदाको दिन अपरान्ह ४:०० बजेदेखि साँझ ७:०० बजे सम्ममात्र) भन्दा बाहेक मदिरा विक्रि वितरण र सेवन गरेमा, उमेर नपुगेको (२१ वर्ष पूरा नभएको) व्यक्तिहरुले मदिरा विक्रि वितरण र सेवन गरेमा सार्वजनिक पदधारण गरेका व्यक्तिहरुले मदिरा उत्पादन, विक्री वितरण र सेवन



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

गरेमा गोप्य रुपमा नजिकैको प्रहरी कार्यालय वा नगरपालिकामा जानकारी गराई निर्देशिकामा उल्लेख भए अनुसारको जरिवाना तथा अन्य सजाय गर्न सहयोग गर्ने । माथि उल्लेखित मदिराजन्य पदार्थको कारोबार सम्बन्धी गतिविधी हुँदा समेत सूचना नदिने सम्बन्धित वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा कार्यरत जिम्मेवार पदाधिकारीहरुलाई कारवाही हुने । यसको लागि वडास्तरमा गठित सामाजिक रुपान्तरण तथा सुधार समिति/नागरिक सुरक्षा सञ्जाल क्रियाशिल हुने ।

४. नगरपालिका तथा नगरपालिका अन्तर्गत कार्यरत केही कर्मचारीहरु आचरण र पदीय मर्यादाभित्र नरहने, तोकिएको जिम्मेवारी पूरा गर्न आनाकानी गर्ने, आफूखुसी भ्रमणमा निस्कने, कार्यालयमा नियमित उपस्थित नहुने, तोकिएको पोसाक नलगाउने, नगरपालिकाको कामकारवाहीलाई प्रभावित पार्ने गरी अभिव्यक्ति दिने, गोपनियता भङ्ग गर्ने, सार्वजनिक सम्पत्तीको दुरुपयोग गर्ने, आयोजना कार्यान्वयनमा लापरवाहीपूर्ण ढङ्गले काम गर्ने, सामाजिक सञ्जालमा विवादास्पद अभिव्यक्ति दिने लगायतका कार्यहरुमा संलग्न रहेको पाईएकोले त्यस्ता कर्मचारीहरुलाई पहिलो पटकको लागि सचेत गराईयो । अब उप्रान्त पनि यस्तै गतिविधीहरु दोहोऱ्याएको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत अवगत गराईयो ।

५. सबै कार्यालयहरुले आफ्नो मातहत रहेका सार्वजनिक सम्पत्ती एवम् जिन्सी सामग्रीहरुको उचित संरक्षण, संवर्द्धन र सदुपयोगको व्यवस्था मिलाउने । कार्यालय व्यवस्थापनमा विशेष ध्यान दिने । पूर्ण सरसफाईयुक्त कार्यालय निर्माण गर्ने ।

६. आर्थिक वर्ष २०७७/०७८ मा नगरपालिका अन्तर्गत स्वास्थ्य तथा सामाजिक विकास शाखाले कार्यान्वयन गर्ने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु प्रभावकारी, व्यवस्थित र परिणाममुखी ढङ्गले सम्पादन गर्न कार्यक्रम कार्यान्वय कार्ययोजना निर्माण गरी एक हप्ताभित्र पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने :-

(क) श्री डण्डप्रसाद शर्मा -ब.ल्या.अ.
(ख) श्री चुडामनि के.सी. -एच.ए.
(ग) श्री रामबहादुर सुनार -एच.ए.
(घ) श्री संचिता गौतम -अनमी

७. सार्वजनिक सेवा प्रवाहलाई चुस्तदुरुस्त, पारदर्शि र प्रभावकारी बनाउने । सेवाग्राहीको हितलाई विशेष ध्यान दिने । सार्वजनिक निर्माणको कामलाई गुणस्तरिय, परिणाममुखी, छिटो छरितो र तोकिएकै लागतमा सम्पन्न हुने व्यवस्था मिलाउने । उपभोक्ता समिति मार्फत् सम्पन्न गर्ने भनि तोकिएका कार्यहरु यही २०७७ कार्तिक मसान्तभित्र सम्झौता हुने व्यवस्था मिलाई कार्य आरम्भ गर्ने ।

८. राजश्व संकलनमा विशेष जोड दिने । करलाई बाध्यकारी बनाउने । कर नतिर्ने प्रवृत्तिको अन्त्य गर्न प्रवर्द्धनात्मक र दण्डात्मक दुबै नीतिलाई अख्तियार गर्ने । तोकिएको समयभित्रै सङ्कलित राजश्व तोकिएको खातामा जम्मा हुने व्यवस्था मिलाउने । राजश्व संकलनमा बेवास्ता गर्ने, सङ्कलित राजश्व हिनामिना वा दुरुपयोग गर्ने, कानून विपरित कर असूल गर्ने वा छुट दिने सम्बन्धित जिम्मेवार पदाधिकारीलाई कानून बमोजिमको हदैसम्मको कारवाही हुने ।

९. बजेटसिमाभित्र रहि वास्तविक आवश्यकताको आधारमा मात्र सम्बन्धित कार्यालयले कार्यालय सञ्चालनको लागि मालसामान खरिद गर्ने । आवश्यकता नै नभएका मालसामान खरिद गर्ने, खरिद कार्यमा अनियमितता गर्ने, फर्जि विलभरपाई पेश गर्ने कर्मचारी तथा पदाधिकारीहरुलाई

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

कारवाही गरिने । यसको लागि आर्थिक प्रशासन शाखाले आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनहरुको पूर्ण परिपालना हुनेगरी मात्र खर्च लेख्ने ।

१०. पटक-पटक सूचना तथा जानकारी गराउँदा समेत केही शाखा/उपशाखा/इकाई/फाँट/वडा कार्यालय/स्वास्थ्य संस्थाहरुले आवश्यक विवरण नपठाउने, पठाएमा पनि अपूरो र तोकिएको ढाँचा बाहेकमा पठाउने, निर्णय कार्यान्वयन नगराउने, नगरपालिकाबाट जारी सूचना, परिपत्र र निर्णयहरुको सही ढङ्गले संप्रेषण नगर्ने देखिएकोले अब उप्रान्त सबै कर्मचारीहरु सूचना केन्द्रमा आवद्ध भई सूचना केन्द्र, इमेल मार्फत् प्राप्त सूचना, जानकारी, निर्णय, परिपत्रहरुलाई आधिकारिक मानि सोही अनुसार कार्यान्वयन गर्ने तथा गराउने ।

११. बैकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई प्रभावकारी र व्यवस्थित तुल्याउने । यसको लागि सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा, सेवा इकाई र सम्बन्धित वडा कार्यालयले विशेष ध्यान दिने । समयमै सामाजिक सुरक्षा भत्ता वितरणको कार्य सम्पन्न गर्ने ।

१२. सबै वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्रका बजारहरुको सम्बन्धित वडामा कार्यक्षेत्र भएको प्रहरी चौकिको सहयोग लिई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने । व्यवसाय दर्ता तथा नवीकरण नगरी व्यवसाय गर्ने, कर नतिर्ने, म्याद गुज्रिएका दैनिक उपभोग्य वस्तुहरु विक्रि वितरण गर्ने एवम् उपभोक्ता स्वास्थ्य, हक र अधिकार विपरितका कार्यहरु गर्ने व्यवसायिहरुलाई कानूनको दायरामा ल्याउने ।

१३. सम्बन्धित कार्यालयले आफ्नो मातहतमा रहेका मेसीन औजार एवम् उपकरणको स्वयम् मर्मत संभार हुने व्यवस्था मिलाई चालू अवस्थामा राख्ने । आफ्नो जिम्मामा रहेको काम आफै गर्ने बानीको विकास गर्ने ।

अन्त्यमा बडादशैं तथा शुभ दिपावलीको शुभकामना आदानप्रदान गरियो । बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

२०७६/०६/०५

राज बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत